१. संस्थाको स्थायी लेखा नम्वर/दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी,
२. कर चुक्ता प्रमाणको प्रतिलिपी,
३. प्रवन्ध पत्र र नियमावली,
४. निकासी/ पैठारी संकेत नं. (Exim code),
५. विगतको Plant Quarantine Import Permit प्रमाण-पत्रको प्रतिलिपी (भएमा),
६. विक्री गरेको विलको प्रतिलिपीमा कम्पनीको सही छाप (भएमा),
७. वाह्य देश वाट विरुवा तथा अन्य सामाग्री आयात गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपी (भएमा),
८. संलग्नहुने प्राविधिकहरुको व्यक्तिगत विवरण तथा तालिम/अनुभवको, प्रमाणपत्रको प्रतिलिपी (भएमा),
९. आपूर्तिकर्ताको नाममा रहेको वैंक तथा वित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेन्ट वा भौचर,
१०. न्यूनतम १ वर्ष म्याद रहेको कम्तिमा कूल रकमको ३% वैंक ग्यारेन्टी।

१. विरुवा कम्तिमा ५ फिट उचाई,
२. प्रशस्त मात्रामा स्वस्थ जराहरु भएको,
३. नेता हाँगाहरु सोझा र प्रभावशाली भएको,
४. नेता हाँगालाई प्रभाव (dominant) पार्ने अन्य हाँगाहरु नभएको,
५. १२-२५ से.मी. लामो ६-१० वटासम्म फल्ने (feather) हाँगाहरु जमिनको सतह देखि ६० से.मी. भन्दा माथी चारै तिरवाट नियमित अवधी (regular interval)मा आएको र wide angled भएको,
६. कुनैपनि क्वारान्टाईनयुक्त रोगकिरा नभएको आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (phyto sanitary certificate) भएको,
७. विरुवालाई कतै चोटपटक नलागेको र feather हाँगाहरु नभाँचिएको,
८. एम्. ९ क्लोनल रुटस्टकमा कलमी गरिएको निम्नानुसारका जातहरुलाई प्राथमिकता दिइनेछ:
   १.१ रुटस्टक: M9 T337
   १.२ गाला मेमा (Gala Mema)
   १.३ गोल्डेन डेलिसियस मेमा (Golden delicious mema)
   १.४ फुजी किकु फुब्रेक्स (Fuji kiku Fubrax)
   १.५ किङ्ग रोट रेड डेलिसियस (King Roat Red Delicious)
   १.६ कृषकले रोजेको अन्यजातहरु

नोटः थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६ मा सम्पर्क राख्नुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट molmac.p3.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सक्नुहुनेछ ।

...त पत्र प्राप्त इच्छुक नेपाली
... भए अनुसारको (फिर्ता नहुने
...ला गरी फर्म नवीकरण भएको
...उपत्र सम्बन्धी कागजात यस

| विडवण्ड अवधि | कैफियत |
|---|---|
| २०७६/१०/१६ सम्म कम्तीमा ७५ दिनको | सिलबन्दी दरभाउपत्र |
| २०७६/११/१८ सम्म १२० दिन | बोलपत्र |

# बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड

**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित)**

**दरवारमार्ग, काठमाण्डौ ।**

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/०६/१६)**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७६/०६/१२ मा बसेको यस कम्पनीको सञ्चालक समितिको ५८औं बैठकले कम्पनीको तेश्रो बार्षिक साधारण सभा देहायका विषयमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने निर्णय गरेकोले सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

- मिति : २०७६ साल कार्तिक ७ गते बिहिबार (तदनुसार अक्टोबर २४, २०१९)
- समय : अपरान्ह ३ : ३० बजे
- स्थान : कम्पनीको कार्यालय, काठमाण्डौ महानगरपालिका वडा नं. १, दरबारमार्ग, काठमाण्डौ ।

**साधारण सभामा छलफल हुने विषयहरुः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने कम्पनीको आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको आर्थिक बर्ष २०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११, दफा १६५ को देहाय (घ) र कम्पनीको नियमावली, २०७४ को नियम ४०(४) बमोजिम लेखापरीक्षण समितिको सिफारिशमा कम्पनीको आर्थिक बर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको नियमावली, २०७४ को नियम २७ बमोजिम स्वतन्त्र व्यवसायिक सञ्चालक (बित्त बिज्ञ) र स्वतंन्त्र व्यवसायिक सञ्चालक (जलबिद्युत बिज्ञ) को नियुक्ति गर्ने ।

(५) प्रवन्ध सञ्चालकको कार्यसम्पादन करार बमोजिमको पारिश्रमिक, भत्ता तथा सेवा सुबिधा अनुमोदन गर्ने ।

(६) बिबिध :

आज्ञाले,
कम्पनी सचिब